बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर : ९२९६

मितिः २०८३/०७/२०

श्री सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय (सबै)
बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।

विषयः नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८३ सञ्चालन सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा आ.व २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाणगङ्गा नगरपालिकाको आयोजना तथा श्री जनता माध्यमिक विद्यालय, पिपराको व्यवस्थापनमा तपसिलको मिति, समय र स्थानमा सञ्चालन गरिने आठौँ राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता २०८३ मा नगरपालिका स्थीत सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरुले यसै पत्रासाथ संलग्न रहेका खेल तथा नियम, जानकारी र निर्देशनमा रही विद्यार्थी सहभागिता गराइदिनुहुन अनुरोध छ ।

तपसिलः

खेल सञ्चालन हुने स्थान श्री जनता माध्यमिक विद्यालय, पिपरा
खेल सञ्चालन हुने मितिः
माध्यमिक तहः २०८३ मंसिर १२ देखी १४ गतेसम्म
आधारभूत तहः २०८३ मंसिर १५ देखी १६ गतेसम्म
खेल उद्घघाटन मितिः २०८३ मंसिर १२ गते बिहान १०:०० बजे
सहभागी टिम दर्ताः २०८३ मंसिर १० गते कार्यालय समय भित्र
टिम दर्ता स्थानः बाणगङ्गा नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा ।

प्रतियोगिताका नियम, जानकारी तथा निर्देशनहरुः

१. खेल राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाचौँ संशोधन) अनुसार खेलाइनेछ।
२. सहभागी विद्यालयले सहभागी हुने खेल, विधा र खेलाडीहरुको नाम संलग्न अनुसूची-१ बमोजिमको फाराम भराई जन्मदर्ता/नागरिकता प्रमाणपत्रको प्रतिलिपि, विद्यार्थी परिचयपत्र र IEMIS Registration नम्बर सहित शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको मितिभित्र दर्ता गरि सक्नुपर्नेछ ।
३. दर्ता भइसकेको खेलाडी परिवर्तन गर्न र दर्ता नभएको खेलाडीलाई खेलमा सहभागी गराइनेछैन ।
४. चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रही जन्म मिति २०६५/०८/११ वा सो भन्दा पछाडिको जन्ममिति भई विद्यालयको IEMIS Registration भएका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागी हुन पाउनेछन् ।
५. प्रतियोगितामा प्रत्येक विद्यालयबाट टिम इभेन्टस्हरुमा एक/एक टिम र अन्य इभेन्टसमा बढीमा एक/एक जना खेलाडीहरुलाई सहभागी गराउन सकिनेछ ।एथलेटिक्स इभेन्ट्समा प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाक इभेन्ट्समा भाग लिन पाउनेछन् ।रिले दौड र ३००० मिटर दौडमा एक ट्रयाक दुई फिल्ड वा दुई फिल्ड एक ट्रयाकको नियम लागु हुने छैन ।प्रतियोगितामा सहभागी खेलाडीहरुले भलिबल र कबड्डीमध्ये एक खेल विधामा मात्र सहभागी हुन पाउनेछन् ।टिम दर्ता गर्दा भलिबलमा ९ जना र कबड्डीमा ९ जनासम्म खेलाडीको नाम दर्ता गर्न सकिनेछ ।

ईश्वरीप्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

ईमेलः bangangamun@gmail.com वेभसाडटःwww.bangangamun.gov.np सम्पर्क नं. ०७८-५५०३८३

६. प्रतियोगिताको उद्घघाटनको दिन विद्यालयहरुले विद्यालयको झण्डा, व्यानर सहित खेलाडी पोसाक (ट्रयाक सुट) मा मार्चपासको लागि उपस्थित हुनुपर्नेछ । साथै मार्चपासको मूल्याङ्कन समेत गरिनेछ ।

७. अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भईसकेको खेलाडीलाई प्रतियोगितामा सहभागी गराइने छैन।

८. मापदण्ड विपरितका खेलाडीको विविध पक्षको वैधता माथी उजुरी गर्नु परेमा सम्बन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा नगद रु.१०००/- (अक्षरेपी एक हजार) सहित आयोजक समक्ष दावी विरोध गर्न सक्नेछ । आयोजकको छानबिनबाट दोषी ठहरिएमा उक्त खेलाडीको पदक जफत गरी निकटतम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई नगद रु.२०००/- (अक्षरेपी दुई हजार) जरिवाना सहित प्रतियोगिताबाट बाहिरिनेछ । तर दाबी विरोध पुष्टी हुन नसकेमा धरौटी रकम फिर्ता हुनेछैन ।

९. खेल सम्बन्धी आवश्यक सल्लाह, छलफल तथा समन्वयका लागि मिति २०८३ मंसिर ४ गते शुक्रबार बिहान ११:०० बजे बाणगङ्गा नगरपालिकाको सभा हलमा विद्यालयबाट तोकिएका सम्पूर्ण खेल शिक्षकलाई अनिवार्य रुपमा सहभागी गराउनुपर्नेछ । खेल अवधिभर विद्यालयबाट एक जना खेल शिक्षक आयोजकको सम्पर्कमा रहनुपर्नेछ ।

१०. खेल कार्यतालिका (टाइसिट) मिति २०८३ मंसिर ११ गते खेल मैदानमा प्रदान गरिनेछ ।

११. कार्यविधि, अनुसूची र पत्रमा उल्लेख नभएका खेल सम्बन्धी जटिलताहरु आएमा सहमतिबाट समाधानको प्रयास गरिनेछ सहमति नभएमा आयोजक समितिको निर्णय नै अन्तिम निर्णय स्वीकार गर्नु पर्नेछ ।

१२. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) को अनुसूची-४ बमोजिमको माध्यमिक तह तर्फ भलिबल (छात्र/छात्रा), कबड्डी (छात्र/छात्रा), एथ्लेटिक्स अन्तर्गत दौड (ट्रयाक), (छात्र/छात्रा), उफ्रने र फ्याँक्ने (फिल्ड) (छात्र/छात्रा) र मार्सल आर्ट तर्फ कराँते (छात्र/छात्रा) मात्र खेल सञ्चालन हुनेछ ।

१३. आधारभूत तहको हकमा एथलेटिक्स तर्फको मात्र खेल सञ्चालन गरिनेछ । आधारभूत तथा माध्यमिक तहका खेलहरुमा खेलाडीहरु नदोहोरिने गरी विद्यालयले सोही अनुरुपले छनौट गरी सहभागी गराउनु पर्नेछ।

(आवश्यक सम्पर्क तथा थप जानकारीका लागि):
नगर खेलकुद विकास समिति सदस्य कुल बहादुर चुँदाली ९८४७२०४६१८
सहायक शिक्षा अधिकृत ईश्वरा अधिकारी ९८४७१८९२४७

२०८३/६/२०
ईश्वरीप्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री जिल्ला खेलकुद विकास समिति, कपिलवस्तु ।
श्री नगर खेलकुद विकास समिति, बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।
श्री जनता माध्यमिक विद्यालय, बाणगङ्गा नगरपालिका-०२, पिपरा, कपिलवस्तु । (आवश्यक संयोजन तथा व्यवस्थापनमा सहजीकरण गर्नुहुन)